## तपाईंको सुईहरू (जसलाई अंग्रेजीमा ‘शार्पश’ भनिन्छ) सधैं एक बलियो प्लास्टिकको भाँडोमा सुरक्षित राखिएको सुनिश्चित गर्नुहोस्। उदाहरणका लागि:

✓ अष्ट्रेलियाको मापदण्ड अनुसारको सुई भाँडो (शार्प्स कन्टेनर)



✓ घुमाउने बिर्को भएको प्वाल नपर्ने प्लास्टिकको भाँडो



✗ ग्लास र कार्डबोर्डको भाँडो प्रयोग **नगर्न** सिफारिस गरिन्छ



✗ टिनका भाँडाहरू प्रयोग **नगर्न** सिफारिस गरिन्छ



✗ प्लास्टिकको सफ्ट-ड्रिंक / पानी बोतलहरू प्रयोग **नगर्न** सिफारिस गरिन्छ




## तपाईंका तीखो सुईहरू फाल्ने स्थानहरू:

सहभागी फार्मेसीहरू




अस्पताल




सामुदायिक सुई फाल्ने स्थान (कम्युनिटी शार्प्स डिस्पोजल)




## तपाईंका तीखो सुईहरू फाल्न नहुने स्थानहरू:



तीखो सुईहरू फोहोर फाल्ने बिनमा नफाल्नुहोस्

हामीलाई अझ राम्रा सेवाहरू उपलब्ध गराउनमा मद्दत गर्न यो सर्वेक्षण भर्नुहोस्:

**https://diabetesnsw.syd1.qualtrics.com/jfe/form/SV_0SARHeHYDObzo5T**

**ABN** 84 001 363 766

**हुलाक ठेगाना**
GPO Box 9824,
Sydney NSW 2001

**हेल्पलाइन** 1300 342 238

diabetes nsw & act

2018 08 Safe Sharps Disposal Flyer_Nepali

# डायबिटिजका सुईहरू सुरक्षित फाल्ने (SAFE DISPOSAL OF DIABETES SHARPS)

### तपाईंले थाहा पाउनु पर्ने सबै कुराहरू



NSW GOVERNMENT Health

diabetes nsw & act

# कम्युनिटी शार्प्स (Community Sharps) के हो?

'कम्युनिटी शार्प्स' अर्थात 'सामुदायिक सुई' भनेको मेडिकल उपकरणहरू हुन् जुन छालामा घोच्न प्रयोग गरिन्छ र यो घर वा औपचारिक चिकित्सा सेवाहरू, जस्तै अस्पतालहरूभन्दा बाहिर प्रयोग गरिन्छ।

**तिनीहरूमा निम्न वस्तुहरू समावेश छन्:**

सिरिन्जहरू



कलम जस्तो (पेन) सुई



लान्सेट्स् (औंलाबाट रगत निकाल्ने सुई)



'इन्सुलिन पम्प इन्फ्यूजन' सेट क्यान्युला 'इन्सर्सन' सुईहरू



'लिब्रे फ्ल्यास फ्रीस्टाइल मोनिटर' उपकरण




## म मेरा कम्युनिटी शार्प्सहरू कसरी फाल्न सक्छु?

सुईहरूलाई एक उपयुक्त भाँडोमा राख्नुहोस्। यी भाँडाहरू कम्युनिटी शार्प्सहरू फाल्ने सुविधा भएको निम्न स्थानहरूमा फाल्नुहोस्:

- ✓ सार्वजनिक अस्पतालहरू
- ✓ सहभागी फार्मेसीहरू
- ✓ सामुदायिक सुई फाल्ने स्थान (कम्युनिटी शार्प्स डिस्पोजल)

**कम्युनिटी शार्प्सहरू सुरक्षित तवरले फाल्नाले अरूलाई एवं वातावरणलाई हानि हुने जोखिम कम हुन्छ।**



## मेरा सुईहरू फाल्ने सुविधा भएको स्थानीय स्थान कहाँ छ?

तपाईंको नजिकको कम्युनिटी शार्प्स फाल्ने स्थान पत्ता लगाउन वा थप जानकारी प्राप्त गर्न यहाँ हेर्नुहोस्:

safe sharps

**www.safesharps.org.au**

सेफ शार्प्स (Safe Sharps) वेबसाइटमा तपाईं आफ्नो नजिकको सुई फाल्ने 'सेफ शार्प्स डिस्पोजल' स्थानहरूको खोजी गर्न सक्नुहुनेछ, यसले त्यहाँ जाने बाटो देखाउछ र त्यहाँ खुल्ने समयहरू बताउछ।

तपाईं Diabetes NSW & ACT लाई **1300 342 238** मा फोन गर्न सक्नुहुन्छ वा थप जानकारीको लागि तपाईंको स्थानीय काउन्सिललाई सम्पर्क गर्न पनि सक्नुहुन्छ ।

तपाईंको सुई फाल्ने स्थानीय स्थानमा ठूला भाँडाहरू लिन्छ कि लिँदैन सोधपूछ गर्नुहोस्।

**diabetesshop.com बाट विभिन्न कम्युनिटी शार्प्स डिस्पोजल (सुई फ्याक्ने) भाँडाहरू छान्न सक्नु हुन्छ।**

## सुईहरू कसरी भण्डार गर्ने:

- ✓ अष्ट्रेलियाको मापदण्ड अनुसारको सुई भाँडो (शार्प्स कन्टेनर)




- ✓ घुमाउने बिर्को भएको प्वाल नपर्ने प्लास्टिकको भाँडो

